**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ जेठ ५ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनीकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट जेठ ५ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरे**का अनुसार जेठ ५ गते सम्म गण्डकी प्रदेशमा कुल १ हजार ८४ जनाको स्वाब परीक्षण गरिएको छ भने १ हजार ६७ जनाको परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । १४ जनाको स्वाब परीक्षणको रिपोर्ट आउन बाँकी रहेको छ । प्रदेशमा जेठ ५ गते सम्म कुल ६ हजार ९ सय ४८ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
गण्डकी प्रदेश मन्त्रिपरिषद्को जेठ ४ गते बसेको बैठकले बजेट अधिवेशन जेठ ११ गते देखि गर्ने निर्णय गरेको छ । बैठकले प्रदेशका सबै जिल्ला अस्पतालहरूलाई एकएक ओटा गाडी खरिदका लागि बजेट उपलब्ध गराउने निर्णय पनि गरेको छ । कुल ६० सांसद रहेका गण्डकी प्रदेशमा सामाजिक दुरी कायम गर्दा अहिले संसद चलिरहेको भवन सानो हुने भएपछि पोखरा सभागृहमा संसद चलाउने तयारी रहेको छ ।
पोखरा महानगरपालिकाले महानगरपालिका भित्रका २ सय ७ ओटा सामुदायिक विद्यालयलाई पुस्तक खरिदको प्रक्रिया सुरू गरेको छ । महानगरले सामुदायिक विद्यालयलाई कक्षा १ देखि ९ सम्मका विद्यार्थीको सङ्ख्या पठाउन भनिसकेको शिक्षा महाशाखा प्रमुख गङ्गाबहादुर गुरुङले जानकारी दिनुभयो । महानगरको तथ्याङक अनुसार कक्षा १ देखि ९ सम्म ४५ हजार विद्यार्थी रहेका छन् । महानगरले सामुदायिक विद्यालयको पुस्तक खरिदका लागि मात्रै वार्षिक १ करोड ५० लाख रुपियाँ भन्दा बढी रकम खर्च गर्दै आएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सिर्जना पन्त**का अनुसार बागलुङको गलकोट नगरपालिकाका १ सय ९ जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख १३ गते बागलुङबाट पर्सा गएका १४ जना मजदुरमा कोरोना सङक्रमण देखिएपछि उनीहरूको कन्ट्याक्ट ट्रेसिङ गर्ने क्रममा १ सय ९ जनाको स्वाब सङकलन गरी परीक्षणको लागि पोखरा पठाइएका थियो । यसका साथै कोरोना सङक्रमणको आशङकामा धौलागिरी अस्पतालका दुई जना कर्मचारीको र्‍यापीड टेष्ट गरिएको थियो । उनीहरूको टेष्ट रिपोर्ट सामान्य आएको छ । जेठ ५ गते भारतबाट आएका थप १६ जनालाई बागलुङ नगरपालिका-४ मा रहेको धौलागिरी प्राविधिक शिक्षालयमा क्वारेण्टाइन निर्माण गरी राखिएको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार जिल्ला भित्र हुने खाद्यान्न, तरकारी, पशुपंक्षीका दाना, कृषि सामग्री र मल ढुवानी गर्न सम्बन्धित स्थानीय तह प्रमुखको सिफारिस, ढुवानी गर्ने सम्बन्धित उद्योग पसल, संस्था र फर्मको दर्ता प्रमाणपत्र, सवारी साधनको कागजात र उद्योग वाणिज्य संघ वा चेम्बर अफ कमर्स मध्ये कुनै एकको सिफारिस सहित साधनको अगाडि सम्बन्धित ढुवानी विषयको तुल, ब्यानर राखी चालक र सहचालक १/१ जना गरी दुई जना सवार भइ जिल्ला भित्र बेलुका ६ बजे देखि बिहान ६ बजेसम्म ढुवानी गर्ने व्यवस्था मिलाइएको छ । कोरोना भाइरस रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि गठित जिल्ला स्तरीय कमाण्ड पोष्टको जेष्ठ ५ गतेको बैठकले जिल्ला भित्र हुन सक्ने सम्भावित सङ्क्रमण जोखिम न्यूनीकरणलाई ध्यानमा राखी उक्त निर्णय गरेको हो ।

जिल्लामा अत्यावश्यक विकास निर्माणका योजनाहरू सञ्चालन भइरहेको सन्दर्भमा अति आवश्यक वर्षा अगावै सम्पन्न गर्नुपर्ने योजनाहरूको सम्बन्धित स्थानीय तह तथा योजना सञ्चालन गर्ने कार्यालयले निर्माण सामग्रीहरूको ढुवानीका लागि प्रयोग हुने ट्रक, टिप्पर र ट्याक्टर पनि बेलुकी ६ बजेबाट बिहान ६ बजे सम्म ढुवानी गर्ने व्यवस्था मिलाउने निर्णय भएको जिल्ला प्रशासन कार्यालयका अधिकृत हर्क रोकाले बताउनुभयो । तत्काल उपचार आवश्यक परेको भनी चिकित्सकबाट रिफर भएको बिरामी बोकेको एम्बुलेन्स, दुर्घटनामा परेर तत्काल उपचार आवश्यक परेको घाइते बोकेको सवारी साधन, मृत्यु संस्कारका लागि प्रयोग भएको सवारी, सुरक्षाकर्मी, स्वस्थ्यकर्मी, प्रेस पास भएको तथा वडा अध्यक्ष वा सो भन्दा माथिका जनप्रतिनिधिका सवारी बाहेक जिल्ला भित्र बाहिर गर्न रोक लगाउने निर्णयलाई निरन्तरता दिइएको रोकाले बताउनुभयो । यसका साथै खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको सदरमुकाम स्थित शाखा कार्यालय गोरखाको गोदामबाट तत्कालका लागि चामल विक्री रोकिएको छ । कोरोना भाइरसको सङक्रमण फैलिरहेको अवस्थामा खाद्य सङकटलाई मध्यनजर गरेर चामल मौज्दात राख्नुपर्ने भएकाले चामल विक्री तत्कालका लागि स्थगित गरिएको, कार्यालयले जेठ ५ गते सूचना जारी गरी सर्वसाधारणलाई जानकारी गराएको छ । शाखाको गोरखा सदरमुकाम स्थित गोदाममा हाल सात सय २४ क्विण्टल चामल मौज्दात छ ।
लिमिटेडको वीरगञ्ज स्थित डिपोबाट गोरखामा चामल ढुवानी हुने भएपनि दुई साता यता गोरखामा चामल ढुवानी हुन नसकेको शाखा प्रमुख नविन बस्नेतले बताउनुभयो । ढुवानीमा समस्या भएपछि आउने समस्याका लागि चामल स्टक राखेको उहाँले बताउनुभयो । अर्को सूचना जारी नभएसम्मका लागि चामल विक्री रोकेको उहाँले बताउनुभयो । माछाखोला र सिर्दिवास डिपोबाट भने आवश्यकता अनुसार चामल विक्री जारी रहने बस्नेतको भनाइ छ । सिर्दिवास डिपोमा ११ क्विण्टल चामल पठाइएको छ । गोरखाका लागि तीन हजार क्विण्टल कोटा थपको माग गरिएको शाखा कार्यालय गोरखाले जनाएको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार कोरोना भाइरस रोकथामका लागि जेठ २० गते सम्म लकडाउनको अवधि थप गरेपछि पर्वतमा भने कृषकहरूका लागि सहज वातावरण सिर्जना गरिएको छ । खेतीपातीको सिजन सुरू भएसँगै रासायनिक मल तथा अन्य बीउ बिजन खरिद तथा ओसार पसारका लागि कृषकको पक्षमा निर्णय गरिएको हो ।
जिल्ला स्तरीय कोरोना भाइरस रोकथाम समितिले जेठ ५ गते कृषि ज्ञान केन्द्र पर्वतका प्रमुख सहितको बैठकमा रासायनिक मल ढुवानी तथा बीउ बिजन जन्य सामग्री गाउ सम्म पुऱ्याउन असहज भएको विषयमा छलफल भएको थियो । छलफलबाट कृषकहरूलाई उत्पादन मूलक कार्यमा समस्या हुन नदिने गरी निर्णय भएको छ । जसमध्ये आवश्यक सामग्री बजार क्षेत्रबाट गाउँमा लैजाँदा सुरक्षाका सम्पूर्ण विधि अप्नाएर लैजान सकिने गरी निर्णय गरेको कृषि ज्ञान केन्द्र पर्वतका प्रमुख बासुदेव रेग्मीले बताउनुभयो ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार दोर्दी गाउँपलिकामा सञ्चालित हाइड्रो पावर परियोजनाको काम कोरोनाको कारण केही समयको लागि स्थगित गरिएको दोर्दी गाउँपलिकाको अध्यक्ष ओमबहादुर गुरुङले बताउनु भयो । परियोजनलाई आवश्यक सामग्रीहरू अभावसँगै कामको निरन्तरता नभएको अध्यक्ष गुरुङको भनाइ छ । लकडाउनले बाहिर जिल्लाबाट आउने सामग्री ढुवानी गर्ने सवारी साधनको रोक लगाएसँगै हाइड्रो पावर परियोजनाको काम रोकिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मणबहादुर खड्काले बताउनुभयो ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार भारतका विभिन्न राज्यबाट ल्याइएका तनहुँका ४३ जना नागरिकलाई विभिन्न स्थानीय तहमा निर्माण गरिएका क्वारेण्टाइनमा राखिएको छ । वैशाख ४ र ५ गते ल्याइएका उनीहरूलाई तनहुँ जिल्लाको मुख्य प्रवेशद्वार आबुँखैरेनी गाउँपालिकाको मुग्लिङ पुल जिपमा स्वास्थ्य परीक्षण गरी सम्बन्धित स्थानीय तहको जिम्मा लगाइएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताउनुभयो । उनीहरूको  चाडै नै पीसीआर परीक्षण गरिने अधिकारीले बताउनुभयो ।
बहिरी जिल्लाबाट आउने सबैलाई अनिवार्य क्वारेण्टाइनमा राख्नुपर्ने जिल्ला कमाण्ड पोष्टले निर्णय गरेको थियो । शुक्लागण्डकी नगरपालिकामा जिल्ला बाहिरबाट विक्रीको लागि ल्याइएको फलफूल र तरकारी नगरपालिकाको टोलीले जफत गरी खाल्डो खनेर गाडेको छ । जिल्ला बाहिरबाट तरकारी र फलफूल भित्रिन नदिने निर्णय भएपनि व्यापारीले सो निर्णय उल्लङ्घनका गरी ल्याएको हुँदा जफत गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताउनुभयो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृत प्रसाद पौडेल**का  कोरोना सङ्क्रमण नियन्त्रणका लागि उच्च सुरक्षा व्यवस्था अपनाएको म्याग्दी जिल्ला भित्र रहेका सबै क्वारेण्टाइनहरू जेठ ५ गते खाली भएका छन् । जिल्ला भित्र निमार्ण गरिएका क्वारेण्टाइनमा बस्नेहरूले क्वारेण्टाइन बसाइको समय पूरा गरी घर फर्केका छन् । यसका साथै म्याग्दी जिल्ला प्रवेशगर्ने सबै नाकाहरूमा कडा निगरानी बढाइएको र जिल्ला प्रवेशलाई पूर्ण रूपमा निषेध गरिएको प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले बताउनुभयो । हाल सम्म म्याग्दी जिल्ला भित्र रहेका न्यून आय स्तर भएका ४ हजार ६ सय ८८ परिवारले राहत प्राप्त गरेका छन् ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**